**सभामुख महोदय,**

१२३. "**समुन्नतिका लागि वन व्यवस्थापन**" भन्ने मूल ध्येयका साथ प्रदेशको अधिकार क्षेत्रभित्रका सबै प्रकारका वनहरूको संरक्षण, संवर्द्धन, व्यवस्थापन र उपयोगका लागि आवश्यक कानून तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१२४. वन व्यवस्थापनको माध्यमबाट वन पैदावारको उत्पादन र बहुउपयोगलाई विशेष प्राथमिकता दिई आयआर्जन तथा रोजगारी लक्षित क्रियाकलापहरू सञ्चालन गरिनेछ। सामुदायिक वन उपभोक्ता समूह तथा वन व्यवस्थापक निकायहरूको संस्थागत क्षमता सुदृढीकरणमा जोड दिइनेछ।

१२५. निजी क्षेत्रसँगको सहकार्यमा नरम काठको गुणस्तर र उपयोगिता बढाउने तथा गैरकाष्ठ वन पैदावारको मूल्य अभिवृद्धि लक्षित उद्यमहरूको प्रवर्द्धन गरी रोजगारी र आयआर्जन अभिवृद्धि गर्ने नीति लिइनेछ। निजी वनबाट उत्पादित काठदाउराको सङ्कलन, ओसारपसार तथा उपयोगको प्रक्रियालाई थप सरलीकृत गरिनेछ।

१२६. वनक्षेत्रको विषयगत तथ्याङ्क र सूचना प्रविधिको व्यवस्थापन गरी यसलाई योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनको अभिन्न अङ्गको रूपमा उपयोग गर्ने नीति लिइनेछ।

१२७. चुरे क्षेत्रमा प्राकृतिक स्रोतको एकीकृत एवं दिगो व्यवस्थापनका लागि संघ सरकार तथा स्थानीय तहहरूसँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ।

१२८. दीर्घकालीन प्रतिफल प्रदान गर्ने, वन्यजन्तुको प्रकोप कम गर्ने तथा उच्च लाभ दिने रक्तचन्दन, श्रीखण्ड, अगरउड जस्ता

प्रजातिहरूको विस्तारमा जोड दिने तथा प्रदेश सरकार मातहतका निकायहरूमा स्वदेशी काठका फर्निचरको प्रयोगलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

१२९. वन अतिक्रमणलाई निरुत्साहित गर्दै अतिक्रमित क्षेत्र फिर्ता गराई पुनः वन कायम गर्ने नीति लिइनेछ। वन डढेलो र अन्य कारणबाट हुने वन विनाश तथा क्षयीकरण नियन्त्रण गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१३०. वन पैदावारमा आधारित काठ सिजनिङ तथा कम्पोजिट प्लान्ट सार्वजनिक-निजी साझेदारी अवधारणा अनुरूप स्थापना गरी विदेशी काठ एवं काठजन्य सामग्री आयात प्रतिस्थापन गर्दै वन क्षेत्रमा रहेको पातपतिङ्गर, स्याउला, सोत्तर सङ्कलन गरी कम्पोष्ट मल र पशु दाना उद्योग सञ्चालन गरिनेछ।

१३१. प्रदेशको जलाधार विकास गुरुयोजना तयार गरी एकीकृत विकासको मार्गचित्र अगाडि बढाइनेछ। भूसंरक्षण कार्यको प्रभावकारिता अभिवृद्धि गरी जलाधार क्षेत्रमा भूसंरक्षण तथा भूस्खलनको न्यूनीकरण गर्न उपयुक्त जैविक इन्जिनियरिङ प्रविधिहरूको विस्तार र उपयोग गरिनेछ।

१३२. ताल संरक्षण तथा विकास प्राधिकरणको संस्थागत क्षमता विकास गरी प्रदेशभित्रका सिमसार क्षेत्रहरुमा संघ सरकार र स्थानीय तहहरूसँगको सहकार्यमा संरक्षण, व्यवस्थापन एवं सौन्दर्यीकरण गरी पर्यापर्यटन प्रवर्द्धन गरिनेछ। "**बहुउपयोगी भूमिगत जल पुनर्भरण पोखरी**" निर्माण कार्यक्रमलाई बृहत् रूपमा सञ्चालन गरिनेछ।

१३३. जडीबुटी सम्बन्धी परम्परागत ज्ञान र सीपको अभिलेखीकरण गर्दै जडीबुटी खेती प्रवर्द्धन गरिनेछ। सामुदायिक स्तरमा जडीबुटीहरूको मूल्य अभिबृद्धि गर्न क्लष्टरमा प्रशोधन तथा भण्डारण केन्द्रहरू निर्माणका कार्यक्रम सञ्चालन गरिनेछ।

१३४. मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन गर्न जनचेतना, राहत तथा क्षतिपूर्ति प्रक्रियालाई थप सरलीकृत र व्यवस्थित गरिनेछ। वन्यजन्तुका लागि वनमा रहेका पानीका स्रोतहरू संरक्षण गरिनेछ। बर, पीपल, समी एवं वनजन्य फलफूल बिरुवा उत्पादन तथा रोपण कार्यलाई प्रोत्साहन गरिनेछ।

१३५. वन, वातावरण तथा जलाधार क्षेत्रमा अध्ययन, अनुसन्धान एवं प्रशिक्षणका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ। विश्वविद्यालय, अनुसन्धान केन्द्र लगायतका शैक्षिक निकायसँगको सहकार्यमा विषयगत अनुसन्धान सञ्चालन गरिनेछ।

१३६. वातावरणीय अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ। जलवायु परिवर्तनका प्रभावलाई न्यूनीकरण तथा अनुकूलन गर्न सरोकारवाला निकायहरूसँगको सहकार्यमा स्थानीय समुदायको उत्थानशील क्षमता अभिबृद्धि गर्दै जलवायु उत्थानशील विकासलाई संस्थागत गर्ने क्रियाकलापहरू सञ्चालन गरिनेछ।